का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ साउन २०८१,
शनिबार
3 August, 2024
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक १७२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

टुंकलाइन प्रकरण

# बक्यौता उठाउन एकमत प्रमाण र प्रक्रियामा असहमत



*पाँच दिन हामी हाम्रा विषय वस्तुहरूको प्रस्ताव तयार गर्छौं । अर्को बैठकबाट निर्णय गर्ने गरी बस्छौं । त्यसअगाडि माननीयज्यूका सुझाव भए लिन्छौं ।*

**ऋषिकेश पोखरेल**
सभापति, लेखा समिति



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ साउन ।

डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता विवाद संसदीय चासोमा परेको छ । प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिले व्यवसायीले प्रयोग गरेको डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौताको विषयमा मात्रै तीन पटक छलफल गरिसकेको छ ।

लेखा समितिले शुक्रबार विद्युत महसुल नतिरेका विभिन्न उद्योगका उद्योगपति, विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ लगायतका व्यक्तिहरूलाई बोलाएर छलफल गरेको हो ।

> सरकारको नेतृत्वकर्ता दल नेकपा एमाले, प्रमुख सत्ताघटक नेपाली कांग्रेस, प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्र डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता उठाउनुपर्नेमा एकमत छन् । तर बक्यौताको प्रमाण र महसुल उठाउने प्रक्रियामा भने राजनीतिक दलहरूका मत बाझिएका छन् ।

छलफलमा राजनीतिक दलहरू बक्यौता उठाउन एकमत देखिए । सरकारको नेतृत्वकर्ता दल नेकपा एमाले, प्रमुख सत्ताघटक नेपाली कांग्रेस, प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्र डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता उठाउनुपर्नेमा एकमत देखिएका हुन् ।

तर, बक्यौताको प्रमाण र महसुल उठाउने प्रक्रियामा भने राजनीतिक दलहरूका मत बाझिएका छन् ।

महालेखाको पछिल्ला प्रतिवेदनले डेडिकेटेड फिडर र ट्रंक लाइनको २१ अर्ब ८८ करोड बक्यौता बाँकी रहेको जनाएको तर, विद्युत प्राधिकरणले ८ पृष्ठ २ मा

मन्त्रिपरिषद्ले पायो पूर्णता

# दलितको उपस्थिति राज्यमन्त्रीमा

*संघीय मन्त्रिपरिषद् दलितविहीन भएको भनेर लाग्दै आएको आरोप छल्न सत्तारुढ दलहरूले राज्यमन्त्रीमा दलित समुदायको प्रतिनिधित्व गराएको हो ।*



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ साउन ।

तीन जना राज्यमन्त्रीले शुक्रबार शपथ लिएका छन् । राष्ट्रपति कार्यालय शीतल निवासमा शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओलीले रूपा विक, पूर्णबहादुर तामाङ र अरूणकुमार चौधरीलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् ।

विक वन तथा वातावरण, तामाङ ऊर्जा र चौधरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्रीमा नियुक्त भएका थिए ।

गत असार ३१ गते २२ सदस्यीय मन्त्रिपरिषद् गठन गरिएको थियो भने शुक्रबार तीन जना राज्यमन्त्री थपिएसँगै मन्त्रिपरिषदले पूर्णता पाएको छ ।

संघीय मन्त्रिपरिषद् दलितविहीन भएको भनेर लाग्दै आएको आरोप छल्न सत्तारुढ दलहरूले राज्यमन्त्रीमा दलित समुदायको प्रतिनिधित्व गराएको हो । पूर्ववर्ती पुष्पकमल दाहाल नेतृत्वको सरकारमा पनि दलित राज्यमन्त्रीमै थिए ।

संविधानले राज्यका सबै निकायमा समावेशी सिद्धान्तको आधारमा प्रतिनिधित्व हुने भनेको छ ।

संविधानको धारा ४० मा दलितको हक छ ।

'राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ' धारा ४० को उपधारा १ मा छ ।

तर, यस अनुसार मन्त्रिपरिषद नबनेको भनेर आलोचना भएको थियो । त्यसलाई मथ्थर पार्न दलित समुदायको प्रतिनिधित्व गराइएको छ ।

तर, सरकारले दलितलाई उचित स्थान नदिएको भनेर संसदमा भने आवाज उठिरहेको छ ।

केही दिन अगाडि सरकारले विभिन्न १८ देशका लागि राजदूत सिफारिस गर्दा एक जना पनि दलित नपरेपछि सत्तारुढ दल कांग्रेसकै सांसद जीवन परियारले प्रतिनिधि सभामा प्रश्न उठाएका थिए । यस सम्बन्धी व्यवस्था संविधानको धारा २८२ र २८३ मा छ । 'राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ' संविधानको धारा २८२ (१) मा छ । पृष्ठ २ मा

# १०६ दिनमै ढल्यो सुदूरपश्चिम सरकार

**शिव विक/मध्यान्ह**
काठमाडौं, १८ साउन ।

सुदूरपश्चिम प्रदेशमा नयाँ सरकार गठनका लागि आह्वान भएको छ । मुख्यमन्त्री दीर्घबहादुर सोडारीले राजीनामा दिएसँगै प्रदेश प्रमुख नजिर मियाँले नयाँ सरकार गठनका लागि आह्वान गरेका हुन् ।

प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता दीर्घराज भट्टका अनुसार नयाँ सरकार गठन गर्नका लागि आइतबार ५ बजेसम्म दाबी पेस गर्न समय दिइएको छ ।

भट्ट वक्तव्य निकालेर नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सकने प्रदेश सभाको सदस्यलाई मुख्यमन्त्री



> नेकपा एकीकृत समाजवादीका दीर्घबहादुर सोडारी नेतृत्वमा गत वैशाख ६ गते बनेको सुदूरपश्चिम प्रदेश सरकार १०६ दिनमै ढलेको हो । त्यसबेला उनी एमाले, माओवादी केन्द्रलगायत दलको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए ।

पदमा नियुक्तिका लागि दाबी पेश गर्न आह्वान भएको जानकारी दिए ।

निवर्तमान सोडारीले शुक्रबार प्रदेश सभाको बैठकबाट विश्वासको मत लिने बताएका थिए । तर, बहुमत नपाउने निश्चित भएपछि राजीनामा दिएका हुन् ।

नेकपा एकीकृत समाजवादीका सोडारी नेतृत्वमा गत वैशाख ६ गते बनेको सुदूरपश्चिम प्रदेश सरकार को सरकार १०६ दिनमै ढलेको हो । त्यसबेला उनी एमाले, माओवादीलगायत दलको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए ।

नेताहरूका अनुसार अब नयाँ गठबन्धनअनुरूप नेपाली कांग्रेसको नेतृत्वमा सरकार बन्नेछ । उक्त सरकारमा एमालेले समर्थन र सहभागिता रहनेछ ।

कांग्रेस र एमालेबीच संघीय सरकार बनाउने गरी गत असार १७ गते सहमति भएसँगै सुदूरपश्चिम प्रदेश सरकारमा समेत असार २० गते नेकपा एमालेले समर्थन फिर्ता लिएको थियो ।

एमालेले समर्थन फिर्ता लिएपछि सोडारीले एक महिनासम्म अल्पमतको सरकार चलाए । संवैधानिक व्यवस्थाअनुसार समर्थन फिर्ता लिएको एक महिनाभित्र संसदमा बहुमत सिद्ध गरिसक्नुपर्छ । यही संवैधानिक सुविधा लिँदै सोडारीले नेपाली कांग्रेस र नेकपा एमालेको मिलनले बहुमत जुटाउने स्पष्ट आधार हुँदा पनि प्रदेश सरकारलाई बजेट होली डेमा राख्दै सरकार लम्ब्याए ।

अल्पमतमा रहेका सोडारीले एक महिना सत्ता लम्ब्याए पनि अन्तिममा नाउपाका दुई सांसदको पनि साथ गुमाए । विशेष अधिवेशनमा सहभागी नहुने सरकारको रणनीति विपरित प्रदेश सभा बैठकमा सहभागी नाउपाबाट सरकारमा सामेल कृषिमन्त्री टीका थापालाई सोडारीले बर्खास्त गरे ।

नाउपाबाटै सरकारमा सामेल भौतिक पूर्वाधारमन्त्री कैलाश चौधरीले पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# श्रम सम्झौताका लागि ओमानको उच्चस्तरीय टोली काठमाडौंमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ साउन

नेपाल र खाडी मुलुक ओमानबीच श्रम सम्झौता हुने भएको छ । श्रम सम्झौताका एजेण्डामा छलफल गर्न ओमानको उच्चस्तरीय एक प्रतिनिधिमण्डल बिहीबार काठमाडौं आइपुगेको छ ।

ओमानको श्रम मन्त्रालयका महानिर्देशक नासिर सलिन नासेर अल हद्रामीको नेतृत्वमा आएको ८ सदस्यीय टोलीले प्रधानमन्त्री केपी शर्मा ओली, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीलगायतसँग शिष्टाचार भेट र छलफल गर्ने छ ।

ओमानी प्रतिनिधिमण्डल श्रम सम्झौताका विषय टुंगोमा पुऱ्याउने योजनाअनुसार आएको श्रम मन्त्रालय स्रोतले जानकारी दियो । नयाँ श्रम सम्झौताका विषयमा टुंगो लागेपछि ओमानमा हस्ताक्षर हुन सक्ने श्रम मन्त्रालय स्रोतले जानकारी दिएको छ । अधिकांश विषयमा सहमति भइसकेको र बीमालगायत केही बुँदाहरुमा थप छलफल गरेर सम्झौतामा हस्ताक्षर हुने बताइएको छ ।

भ्रमण दलमा ओमानको विदेश मन्त्रालयका राजदूत सुलेमान साउदी, अलि अजिज अज जाब्री, परराष्ट्र मन्त्रालयको कानून विभागका थर्ड सेक्रेटरी लिथ सालेह मोहम्मद अल आज्मी र इसा हमिद ह्युमेड अल बुलुशी, कन्सुलर विभागका प्रमुख जासिम इद अब्दुल्लाह अल सादी, शाही कार्यालयका मोहम्मद हुएशिल अल मोहम्मदी, शाही ओमान प्रहरीका कमाण्डर मोहम्मद नासिर सुलेमान अल किन्डी रहेका छन् ।

ओमानमा ठूलो संख्यामा नेपाली कामदार भने जाने गरेका छैनन् । गत वर्ष ५ हजार ९ सय १० जनामात्र गएका थिए । वर्षौंदेखि ठूलो संख्यामा नेपाली कामदारहरू गइरहेको भए पनि धेरै अरब देशहरूसँग नेपालले द्विपक्षीय श्रम सम्झौता गरेको छैन । हालसम्म धेरै कामदार जाने खाडी मुलुकमध्ये कतार र यूएईसँग श्रम सम्झौता भएको छ भने साउदी अरब, बाहराइनलगायतका देशहरूसँग सम्झौताका लागि पहल भइरहेको दाबी गरिएको धेरै भएपनि ठोस प्रगति भएको छैन ।

साउदी अरबसँग सम्झौताको मस्यौदामा सहमति जुटिसकेको बताइएपनि नेपाली कामदारको चौबिस घण्टे बीमा र घरेलु कामदारबारे छुट्टै सम्झौता गर्नेबारे फरक-फरक मान्यता छ । साउदी अरेबियाले घरेलु कामदारको पनि सम्झौता गर्न आग्रह गरेपनि पृष्ठ २ मा

# शेयर बजार अस्वभाविक बढ्दा आशंका

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, १८ साउन ।

नयाँ सरकार गठन र लचिलो मौद्रिक नीतिले शेयर बजार उचालिँदा इन्साइडर ट्रेडिङको आंशका गर्न थालिएको छ । गत शुक्रबार नेपाल राष्ट्र बैंकले ल्याएको लचिलो मौद्रिक नीति र संस्थागत शेयर धितोमा प्रवाह गर्ने कर्जाको २० करोडको सीमा हटाएसँगै शेयर बजार ह्वात्तै बढेको हो । बुधबार २१ अर्ब ९१ करोड १५ लाख भन्दा बढीको कारोबार गरेर तीन वर्षयता कै नयाँ रेकर्ड बनाएको शेयर बजार बढ्दा आशंका बढाएको हो ।

सत्तारुढ नेपाली काँग्रेसका प्रवक्ता एवं पूर्व अर्थमन्त्री समेत रहेका डा. प्रकाशशरण महतले पुँजी बजारमाथि निगरानी बढाउन सरकारलाई आग्रह गरेका छन् । उनले शुक्रबार अर्थ समितिको बैठकमा बिना आधार कृत्रिम तरिकाले पुँजीबजार बढेकोप्रति आंशका व्यक्त गरेका हुन् । उनले भने 'जुन कम्पनीको स्ट्रेन्थ नै छैन, त्यसकै सेयर मूल्य अस्वाभाविक बढेको छ, बजारमा नक्कली किसिमले चलखेल भइरहेको छ, कम्पनीको वित्तीय अवस्था खासै केही छैन । तर शेयर मूल्य बढिरहेको छ । यसमा साधारण लगानीकर्ता फस्ने जोखिमलाई हेर्नुपर्छ', उनले भने ।




महतले सेयर बजारको बुलिस ट्रेडर्समा हुने अस्वाभाविक चलखेललाई नियामकले ध्यान दिनुपर्नेमा जोड दिए । यसअघि पनि टाठाबाठाले बढाएर उम्किने साना लगानीकर्ता फसेको कारण अहिले आंशका गरिएको हो । यस्तै माओवादी सांसद छिरिङ डम्डुल लामाले सेयर बजारमा साना लगानीकर्ता डुब्ने र ठूला उम्किने खेल भइरहेको दाबी गरे । शेयर विश्लेषक केशव कोइरालाले यस भन्दा अघि शेयर बजार ट्रेडर्स चलेको थियो तर अहिले संस्थागत लगानीकर्ताको बजारमा प्रवेश गरेकाले रेकर्ड ब्रेक भएको बताउँछन् ।

यस्तै अर्थमन्त्री विष्णु पौडेलले शेयर बजारमा अपारदर्शी क्रियाकलाप र अनुचित ढंगले प्रभावित हुन नदिने बताए । उनले कुनैपनि लगानीकर्ताको लगानी डुब्ने स्थिति आउन पृष्ठ २ मा

# एकीकृत समाजवादीले केन्द्रीय कमिटीलाई दियो पूर्णता




**काठमाडौं/मस-** नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले केन्द्रीय कमिटीलाई पूर्णता दिएको छ।

पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा बसेको केन्द्रीय समिति बैठकले अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसालसहितको तीन सदस्यीय कार्यदलले सिफारिस गरेका नामलाई अनुमोदन गरेसँगै केन्द्रीय कमिटीले पूर्णता पाएको हो।

केन्द्रीय सदस्य सोमप्रसाद पाण्डेयले शुक्रबारको बैठकले दुई सय ५१ केन्द्रीय सदस्य मनोनित गरेको र अब १८ पदाधिकारी छनोट गरिने जानकारी दिए।

गत असार १६ देखि २० गतेसम्म सम्पन्न महाधिवेशनले तीन पदाधिकारी र ९० केन्द्रीय सदस्य चयन गरेको थियो। अब केन्द्रीय कमिटी तीन सय ४४ सदस्यीय बनेको छ।

पार्टीमा केन्द्रीय सदस्यका लागि आकांक्षी धेरै भएपछि नेताहरूको योगदान, कार्यक्षमता तथा भूगोल, क्षेत्र तथा सन्तुलन मिलाएर विधानअनुसार बनाइएको क्लष्टर तथा सातै प्रदेशबाट सिफारिस नामावलीका आधारमा कार्यदलले केन्द्रीय सदस्य तोकेको पाण्डेयले बताए। आगामी बैठकबाट पदाधिकारी, विभाग र आयोग तथा नेताहरूको जिम्मेवारीसमेत बाँडफाँट गरिने जनाइएको छ।

# कक्षा १२ को नतिजा सार्वजनिक, ५२.९१ प्रतिशत विद्यार्थी उत्तीर्ण




**काठमाडौं/मस-** राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीले शुक्रबार कक्षा १२ को नतिजा सार्वजनिक गरेको छ। शुक्रबार बसेको बोर्ड बैठकले आफ्नो वेबसाइटमार्फत नतिजा सार्वजनिक गरेको हो।

बोर्डका अध्यक्ष डा.महाश्रम शर्माले यस वर्ष कक्षा १२ मा ५२ दशमलव ९१ प्रतिशत विद्यार्थी ग्रेडेड अर्थात् उत्तीर्ण भएको बताए।

यस वर्षको नतिजामा गत वर्षको तुलनामा तीन प्रतिशत वृद्धि भएको उनले जानकारी दिए।

बोर्डका अनुसार गत वैशाख १४ गतेदेखि सञ्चालन भइ २६ गते सम्पन्न परीक्षामा नियमिततर्फ एक लाख ९३ हजार नौ सय ३३ छात्र र एक लाख ९६ हजार नौ सय १४ छात्रागरी कूल तीन लाख ९० हजार आठ सय ६८ परीक्षार्थी सहभागी थिए। त्यसमध्ये दुई लाख तीन हजार आठ सय ४७ विद्यार्थी उत्तीर्ण भएको बोर्डले जनाएको छ।

परीक्षामा तीन दशमलव ६१ देखि चार जिपिए ल्याउने विद्यार्थीको संख्या नौ हजार पाँच सय ९१ रहेको छ। जसमा बागमती प्रदेशबाट छ हजार सात सय ५२ विद्यार्थी छन्। कर्णाली प्रदेशमा सबैभन्दा कम २४ जना विद्यार्थीले मात्रै उक्त जिपिए ल्याएका छन्।

त्यसैगरी ४६ हजार आठ सय ९३ विद्यार्थीले तीन दशमलव २१ देखि तीन दशमलव ६० सम्म जिपिए र ७८ हजार ७५ विद्यार्थीले दुई दशमलव ८१ देखि तीन दशमलव २० सम्म जिपिए ल्याएका छन्। परीक्षामा एक लाख ८७ हजार २१ जना अनुत्तीर्ण अर्थात् ४७ दशमलव ०९ प्रतिशत विद्यार्थीको नतिजामा ननग्रेडिङ आएको छ। बोर्डका अनुसार पाँच हजार छ सय ३२ परीक्षार्थीले कुनै पनि विषयको परीक्षा दिएनन् भने एक सय दुई विद्यार्थीको परीक्षा रद्द गरिएको छ।

ग्रेड वृद्धितर्फ विसं २०७८ र ०७९ का २८ दशमलव २६ प्रतिशत र विसं २०७६ र ०७७ का ६२ दशमलव ०५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिए।

यसअघि विसं २०७८ को नतिजामा ४६ दशमलव ०४ प्रतिशत र विसं २०७९ को नतिजामा ५१ दशमलव ९१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए।

बोर्डले लेटर ग्रेडिङ निर्देशिका-२०७८ अनुसार सञ्चालन गरेको परीक्षाको नतिजाअनुसार प्रत्येक विषयमा सैद्धान्तिकतर्फ कम्तीमा ३५ प्रतिशत अंक नल्याएमा विद्यार्थीको नतिजा एनजी अर्थात् अनुत्तीर्ण आउँछ।

# टान अध्यक्षका प्रत्यासी पाण्डेद्वारा एक करोडको राहत अक्षय कोष स्थापना गर्ने घोषणा



**काठमाडौं/मस-** ट्रेकिङ एजेन्सीज एसोसियन अफ नेपाल (टान) को आसन्न अधिवेशन आगामी भदौ १७ गते हुँदैछ। यस अधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ। आसन्न टान नेतृत्वमा अध्यक्षको उम्मेदवारी घोषणा गरेका सागर पाण्डेले एक करोड बराबरको राहत तथा उद्धार अक्षय कोष स्थापना गर्ने घोषणा गरेका छन्। आफ्नो मुख्य एजेण्डा अघि सार्दै उनले व्यवसायी तथा मजदुरका विषयलाई लिएर राहत तथा उद्धार अक्षयकोषको स्थापना गर्ने, कानूनी परामर्श इकाईको गठन गर्ने र बैंकिङ तथा भ्याट र ट्याक्स परामर्श इकाई गठनको कार्ययोजना अघि सारेका हुन्।

उनले आफ्ना ३ बुँदे कार्ययोजनामा सबै कर्मचारी तथा मजदुर साथीहरुका लागि राहत तथा उद्धार अक्षय कोषको स्थापना गर्ने बताएका छन्।

पाण्डेले टान सदस्य कम्पनीको कर्मचारी, ट्रेकिङ गाइड वा मजदुर जुनसुकै बेला घाइते हुने, वा मृत्युसम्म हुने अवस्था आइपर्ने उल्लेख गर्दै त्यस्तो समस्यामा उसलाई सहयोग गर्नुपर्छ भन्ने मान्यतालाई स्थापित र व्यवहारिक बनाउन राहत प्रदान गर्नेगरी अक्षयकोष स्थापना गर्नु महत्वपूर्ण भएको उल्लेख गरेका छन्। त्यसैगरी उनले व्यवसायीहरुलाई कुनै पनि बेला दिर्घकालीन रोग वा महंगो उपचार गर्नुपर्ने रोगहरु लागेको अवस्थामा अक्षय कोषले राहत दिने बताएका छन्। यस अक्षय कोषलाई एक वर्षभित्र एक करोड बराबरको बनाइने समेत उनले बताए।

यसैगरी बैंकिङ तथा भ्याट र ट्याक्स परामर्श समितिको आवश्यकता पुरा गर्नेगरी बैंकिङ तथा भ्याट र ट्याक्स परामर्श इकाई गठनको अवधारण पनि उनले पहिलो चरणको आफ्नो योजनामा अघि सारेका छन्। प्रत्येक आर्थिक वर्षको अन्त्यमा ट्याक्स/भ्याटको सीमा तथा नियमहरुमा फेरबदल भइरहने हुनाले कतिपय व्यवसायीहरु अलमलमा पर्ने तथा समस्यामा पर्ने गरेका छन्।

बैंकिङ क्षेत्रसँग जोडिएको कर्जा, ब्याज तथा अन्य परामर्शमा पनि यस समितिले सहयोग गर्नेछ। यस इकाई समितिले भ्याट, ट्याक्स तथा बैंकिङ क्षेत्रका बारे जानकारी गराउने, परामर्श दिने तथा आवश्यक प्रकृया पुरा गर्नमा सहजीकरण गर्ने र सम्बन्धित समस्या समाधानमा सहयोग गर्ने उनको विश्वास छ।

यसका अतिरिक्त पाण्डेले टानमा एउटा अलगै विभागका रुपमा कानूनी परामर्श इकाईको आवश्यकता महसुस गरी कानूनी परामर्श इकाईको गठन गर्ने प्रतिबद्धता अघि सारेका छन्।

यसबाट टानका साधारण सदस्यहरुले आफ्नो व्यवसाय सञ्चालनको क्रममा आइपर्ने कानूनी अड्चन, प्रशासनिक अप्ठ्याराहरु तथा अन्य कुनै किसिमको कानूनी परामर्श लिन पाउने उल्लेख छ। कानूनी समस्यालाई टानले सहजीकरण गरी समस्या समाधानका लागि पहल गर्ने उनले बताएका छन्।

# गलत बकपत्र दिएको अभियोगमा मुद्दा दायर

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार गरेको मुद्दामा गलत बकपत्र दिएको अभियोगमा दुई जना विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगले पोखरा महानगरपालिकाका कर्मचारी सब इञ्जिनियर उषाकिरण रोकायासहितलाई आयोगले घुस लिएको अभियोगमा पक्राउ गरेको थियो। आयोगले सरकारी साक्षीका रुपमा पेश गरेको केशरीप्रसाद तिवारी र उर्मिला पौडेलले गलत बकपत्र दिएको पाइएको छ।

आयोगले तीन लाख ५० हजार बराबरको घुससहित पक्राउ परेका रोकायालगायतलाई जस्तै समान बिगो दावी गर्दै शुक्रबार मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।

# एक गेष्ट हाउसमा दुई जना मृत फेला

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिका-९ शम्भुमार्गस्थित एक गेष्टहाउसमा एक महिला र एक पुरुष मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले बाजुरा त्रिवेणी नगरपालिका-४ का २३ वर्षीय भरतबहादुर सार्की र सोही ठाउँकी अन्दाजी १९/२० वर्षीया करिश्मा सार्की मृत अवस्थामा फेला परेको जानकारी दिए। उनले भने,'उनीहरु यही साउन १५ गतेदेखि उक्त गेष्ट हाउसमा बस्दै आएको र शुक्रबार दिउँसो १२ बजेसम्म खाना खानका लागि बोलाउन जाँदा ढोका नखोलेपछि दिउँसो १ बजे प्रहरीलाई खबर गरिएको जानकारी प्राप्त भएको छ।' प्रहरीले गेष्टहाउसको ढोका खोली हेर्दा महिला घाटी काटिएको र पुरुष पंखामा डोरीले पासो लगाई झुन्डिएको अवस्थामा फेला पारेको थियो।

घटनाका विषयमा प्रहरीले अनुसन्धान शुरु गरिसकेको छ भने शव पोष्टमार्टमका लागि त्रिवि शिक्षण अस्पताल पठाइएको प्रहरी प्रवक्ता अधिकारीले जानकारी दिए।

# पैदल यात्रु र विद्यार्थीलाई ट्राफिक जनचेतना

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १८ साउन



हुम्लामा ट्राफिक प्रहरीले सडकमै राखेर पैदल यात्रु र विद्यार्थीलाई जनचेतना जगाउने कार्यक्रम सञ्चालन गरेको छ।

नेपाल विद्यार्थी संघको आयोजनामा सडक दुर्घटना कम गराउन र पैदल यात्रुलाई ट्राफिक नियमबारे अभिमुखीकरण गर्न यो कार्यक्रम सञ्चालन गरिएको हो। ट्राफिक हवल्दार चन्द्रबहादुर डाँगीले विद्यालयका विद्यार्थी र अन्य पैदल यात्रुलाई सडकमै राखेर ट्राफिक नियमका साथै जेब्रा क्रसिङबारे जानकारी दिएका थिए। नेविसंघ जिल्ला सचिव विनोद लामाले कसरी जेब्रा क्रस गर्ने र यसका फाइदाबारे जानकारी दिने कार्य ट्राफिक प्रहरीबाट भएको बताए।

त्यसैगरी, गाडीमा सीट क्षमता भन्दा बढी यात्रु बोक्न नपाइने नियमबारे पनि जानकारी गरिएको थियो। सबैलाई ट्राफिक नियमबारे जानकारी नभएकाले त्यसबारे जनचेतना जोगाउनु आवश्यक रहेको बेला नेविसंघले यो कार्यक्रम आयोजना गरेको हो।

औपचारिक रुपमा राष्ट्रिय सडक सञ्जालसँग नजोडिएको हिमाली जिल्ला हुम्लाको सदरमुकाम सिमकोटमा यातायातका साधनहरु गुड्ने क्रम बाक्लिदै गएको बेला ट्राफिक नियमबारे जानकारी दिने कार्य बढाउन आवश्यक रहेको छ। सो जनचेतना जोगाउने कार्यक्रममा विद्यार्थी र पैदल यात्रुहरुले यस सम्बन्धमा जिज्ञासा समेत राखेका थिए।

डेढ घण्टासम्म सञ्चालन भएको सो कार्यक्रम ट्राफिक हवल्दार डाँगीले जिज्ञासाको जवाफ दिएका थिए।

सिमकोट मात्र नभएर जिल्लाभर यी नियमहरु तोड्ने चालककाविरुद्ध ट्राफिकलाई जानकारी गराएर सहयोग गर्न आवश्यक देखिएको छ। केही समयअघि ढलान भएको सडकमा जेब्रा क्रसको चिह्न निर्माण गर्ने कार्य ट्राफिकको समन्वयमा नेपाल विद्यार्थी संघ हुम्लाका सदस्यहरुले गरेका थिए। जेब्रा क्रसको चिह्न हुम्लाको सदरमुकाम सिमकोट, जिल्ला प्रशासन कार्यालय सडक र काली चोकमा निर्माण गरिएको हो। सो खर्च समेत नेविसंघले गरेको हो। कार्यक्रममा कांग्रेस कावा सभापति कैलाश भण्डारी उपसभापति बसन्त रोकाया, सचिव कृष्णबहादुर बोहरा, कोषाध्यक्ष बबिता शाहीलगायतको उपस्थिति रहेको थियो।

# काठमाडौं उपत्यकामा आइतबार सार्वजनिक बिदा




**काठमाडौं/मस-** सरकारले साउन २० गते आइतबार काठमाडौं उपत्यकामा सार्वजनिक दिने निर्णय गरेको छ। गृह मन्त्रालयले एक सूचना जारी गर्दै आइतबार मत्स्येन्द्रनाथको भोटो देखाउने जात्राको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरिएको जनाएको छ।

गृह मन्त्रालयले शुक्रबार जारी गरेको सूचनामा भनिएको छ, '२०८० माघ २९ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार मत्स्येन्द्रनाथको भोटो देखाउने जात्राका दिन काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिने निर्णय भएको सन्दर्भमा उक्त जात्राको अवसरमा २०८० साउन २० गते आइतबार काठमाडौं उपत्यकाका तीन जिल्लाहरुमा सार्वजनिक बिदा दिने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।'

# नक्कली बिलबिजक बनाएर कारोबार गर्ने ६८ फर्मलाई कारबाही




**चितवन/मस-** आन्तरिक राजस्व कार्यालय भरतपुरले गत आर्थिक वर्षमा नक्कली बिलबिजक बनाएर कारोबार गर्ने ६८ फर्मलाई कारबाही गरेको छ। कार्यालयका प्रमुख नीरन भट्टराईले कारबाहीबाट एक अर्ब चार करोड बराबरको राजस्व निर्धारण गरिएको जानकारी दिए।

बिलबिजक अनुसन्धानको क्रममा आयकरतर्फ ७१ करोड ८३ लाख ९९ हजार र मूल्य अभिवृद्धि कर (भ्याट) तर्फ ३२ करोड ९८ लाख २५ हजार कर निर्धारण गरिएको छ।

यहाँ रहेका कवाडी व्यवसायी, हार्डवेयर, किचनका सामग्री बिक्री गर्ने पसल र कपडा पसलको दुईदेखि तीन आर्थिक वर्षसम्मको विवरण अनुसन्धान गर्दा यस्तो भेटिएको कार्यालय प्रमुख भट्टराईले जानकारी दिए। उनका अनुसार सबैभन्दा धेरै नक्कली भ्याट बिल बनाउनेमा कवाडी व्यवसायी रहेका छन्।

यस्तै कार्यालयले गत वर्ष दुई सय २७ पटक बजार अनुगमन गरी सात करोड ५१ लाख जरिवाना असुल गरेको छ।

कार्यालयमा दर्ता भएका व्यावसायिक फर्ममध्ये पाँच सय ६९ वटाको लेखा नम्बर बन्द गरिएको छ। यहाँ दुई हजार छ सय १७ जनाले लेखा नम्बर बन्द गराउन निवेदन दिएका थिए। भट्टराई भने,'लेखा नम्बर बन्द गर्नका लागि दिएका निवेदनको राजश्व बाँकी रहेको नरहेको हेरेर मात्र काम गर्न सकिने हुँदा कम संख्यामा करदाताको लेखा नम्बर बन्द गरिएको हो।'

गत आर्थिक वर्षमा तीन हजार सात सय ५६ जना व्यवसायीले नयाँ व्यावसायिक लेखा नम्बर लिएका छन्। यस कार्यालयमा हाल व्यावसायिक लेखा नम्बर लिनेको संख्या ५७ हजार नौ सय १९ रहेको छ।

# राई भाषाहरूको साझा पत्रिका 'खुवालुङ' लोकार्पण



काठमाडौं/मस- नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले किरात राई जातिमा बोलिने भाषाहरूको पत्रिका 'खुवालुङ'को लोकार्पण गरेका छन्।

उक्त पत्रिका प्रज्ञा-प्रतिष्ठान साहित्य(मातृभाषा)विभागले प्रकाशित गरेको हो। बेलायतलाई कार्यक्षेत्र बनाउँदै आएका साहित्यकार काङमाङ नरेश राईद्वारा लिखित निबन्धात्मक कृति 'पानीपतिया'का बारेमा समालोचक डा.तारालाल श्रेष्ठले 'पानीपतिया: गोर्खा भर्तीको सांस्कृतिक असर'कार्यपत्र प्रस्तुत गरेका थिए।

कुलपति राईले काङमाङ नरेश राईद्वारा लिखित 'पानिपतिया' ले 'गोर्खा सैनिक'ले भोग्नुपरेको सामाजिक र सांस्कृतिक विभेदलाई मसिनोसँग केलाएका छन्। युगअनुसार उत्पादन हुने संस्कृतिले समाजलाई कस्तो असर पार्छ। त्यसबारे गम्भीर हुनुपर्ने बताउँदै राई भाषाहरूको साझा पत्रिका 'खुवालुङ' प्रकाशन प्राज्ञिक र सांस्कृतिक रूपमा उपलब्धि भएको बताएका थिए।

प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदीले नेपालमा बोलिने सबै भाषाहरूको संरक्षण गर्ने दायित्व प्रज्ञा-प्रतिष्ठानको भएकाले राई भाषाहरूको साझा पत्रिकाको रूपमा 'खुवालुङ' प्रकाशित गरिएको हो। प्रतिष्ठानले सबै भाषा र साहित्यको खोज अनुसन्धान गर्दै जाने बताएका थिए। उनले काङमाङ नरेश राईद्वारा रचिएको 'पानीपतिया'ले गोर्खा सैनिकले झेल्नुपरेको असमान सांस्कृतिक पीडालाई व्यक्त गरिएको बारे बहस हुनु सान्दर्भिक रहेको बताएका थिए।

प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य (मातृभाषा) विभाग प्रमुख राजन मुकारुङले 'खुवालुङ' राई जातिहरूको साझा पत्रिका हो।

यसले राईहरूको संस्कृति र साहित्य लगायतका विषयलाई उजागर गर्दै जाने बताएका थिए।। मुकारुङले काङमाङ नरेश राईद्वारा लिखित 'पानीपतिया'ले गोर्खा सैनिक भर्तीमा गएकाहरूले भोग्नुपरेका कतिपय विभेदको चित्रण गरेको बताएका थिए। कार्यक्रमका सभाध्यक्ष, प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा सामाजिक शास्त्र विभाग प्रमुख डा.कौशिला रिसालले साहित्यकार काङमाङ नरेश राईको निबन्धनात्मक कृति 'पानीपतिया'ले गोर्खा भर्तीमा गएका नेपालीहरूले भोग्नुपरेको सांस्कृतिक विभेद र असमानता के कस्तो छ ?भन्ने बारे चित्रण गरेको बताइन्। 'पानीपतिया'ले सिंगो नेपाली समाजलाई पारेको असरबारे थप अध्ययनको आवश्यकता रहेको बताइन्।

प्रज्ञा-प्रतिष्ठानका प्रज्ञासभा सदस्य चेतनाथ धमलाकाअनुसार उक्त कार्यपत्र प्रस्तुत गर्दै डा. तारालाल श्रेष्ठले गोर्खा भर्तीको तस्बिर, गोर्खा भर्तीको सांस्कृतिक असर, सार्वजनिक वृत्तमा गोर्खा समुदाय र सहअस्तित्वको सत्वका बारेमा चर्चा गरेका थिए।

कार्यपत्रमाथि नारायणी देवकोटा र गुरुङ सुशान्तले टिप्पणी गरेका थिए। सहभागीका तर्फबाट सन्जोग लाफा मगरले 'पानीपतिया'बारे जिज्ञासा राखेका थिए। 'पानीपतिया'का सर्जक काङमाङ नरेश राईले प्रश्नैप्रश्नहरूबिच उभिएर आफूले खोजमूलक कृति प्रकाशन गरेको बताउँदै गोर्खा भर्तीमा गएकाहरूले सामाजिक र सांस्कृतिक रूपमा धेरै अन्याय भोग्न विवश हुँदै आएको इतिहास छ। यस विषयमा इतिहासकार र प्राध्यापक डाक्टर हरूले कलम चलाउनुपर्नेमा जोड दिएका थिए।

कार्यक्रमको सहजीकरण योगविद् तथा प्रज्ञा-प्रतिष्ठान सामाजिकशास्त्र विभागका सदस्य डा.टिपी धमलाले गरेका थिए।

### बक्यौता...

अर्ब मात्रै उठाउने भनेको उल्लेख गर्दै एमाले सांसदहरूले विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङमाथि प्रश्न उठाए।

एमालेका सांसद गोकुल बास्कोटाले यहीँनेर प्रश्न गरे, '१४/१५ अर्ब कहाँ गयो ?'

यही प्रश्नमा टेकेर एमालेले विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङमाथि अनुसन्धान गर्नुपर्ने गरी निर्णय गर्ने प्रयास लेखा समितिबाट गरेको छ। तर, अन्य दलहरू तयार नहुँदा शुक्रबार कुनै निर्णय भए।

बरु शुक्रबार समितिले नेपाल विद्युत प्राधिकरणसँग टाइम्स अफ डे (टीओडी) मिटरको तथ्यांक माग गर्ने निर्णय गरेको छ। लेखा समितिको शुक्रवारको बैठकपछि प्राधिकरणसँग टीओडी मिटरको डेटा माग्ने निर्णय गरेको हो।

समिति सभापति ऋषिकेश पोखरेलले टीओडी मिटरको स्पष्टता के हो प्राधिकरणसँग माग गर्ने निर्णय भएको जानकारी दिए। उनले प्राविधिक भए पनि समितिले सधैं सिद्धान्तमा मात्रै छलफल गरेको बताए। उनले समितिसँग उपलब्ध भएका सम्पूर्ण तथ्य र प्रमाणहरुसहित तयारी गर्ने बताएका छन्।

सभापति पोखरेलले पाँच दिनभित्र सांसदहरुसँग भएका प्रमाणहरु सचिवालयमा उपलब्ध गराउन भनेका छन्। उनले सबै तथ्य, प्रमाण र कानूनका आधारमा सचिवालयले पाँच दिनभित्र प्रतिवेदन तयार बताए। महालेखा परीक्षकको पछिल्ला प्रतिवेदनले डेडिकेटेड फिडर र ट्रंक लाइनको २१ अर्ब ८८ करोड बक्यौता बाँकी रहेको देखाएको छ।

### दलितको...

संविधानको धारा २८३ मा समावेशी सिद्धान्त बमोजिम नियुक्ति गर्नु पर्ने व्यवस्था छ।

'संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ' संविधानको धारा २८३ (१) मा छ।

संविधानको यो मर्म अनुसार राजदूत सिफारिस हुनुपर्नेमा त्यसो हुन नसकेको भनेर संसदमा सत्तारुढ दलबाटै प्रश्न उठेको हो।

### १०६ दिनमै...

पनि मुख्यमन्त्री सोडारीलाई राजीनामा बुझाए। उनीहरु दुवै नाउपा अध्यक्ष रञ्जिताको निर्देशनमा सरकारमा गएका थिए। ५३ सदस्यीय प्रदेश सभामा सरकार बनाउन २७ सांसदको समर्थन आवश्यक पर्छ। जो कांग्रेस र एमालेसँग रहेको छ।

### श्रम...

नेपाल हालसम्म त्यसमा सहमत हुन नसकेको सरकारी अधिकारीहरुले बताउँदै आएका छन्। रोमानिया र जर्मनीसहित नेपालको हालसम्म १२ देशसँग मात्र द्विपक्षीय श्रम सम्झौता भएको छ।

### शेयर...

नदिनको निम्ति शेयर बजारलाई परिपक्व ढंगले अगाडि बढाउन र आवश्यक सतर्कताको साथै सावधानी अपनाउन नियामक निकायलाई निर्देशन दिएको बताए। यो साता सेयर बजार ५ दिन कारोबार हुदाँ ३ दिन बढ्यो भने २ दिन घट्यो। शेयर बिश्लेषहरुको अब बजार बियरबाट बुलिसतर्फ जाने समय नै भएको भन्दै आशंका र आत्तिने अवस्था सृजना नरहेको बताइरहेका छन्।

# प्रधानमन्त्रीले मागे पोखरा र गौतमबुद्ध विमानस्थल सञ्चालनको योजना

**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका लागि सम्बन्धित मन्त्रालयसँग स्पष्ट योजना मागेका छन् ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सम्बन्धित मन्त्री, सचिव र उच्च अधिकारीसँग छलफलपछि प्रधानमन्त्री ओलीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हालको उडान र यात्रुको चापलाई व्यवस्थित गर्न ती दुई नयाँ विमानस्थल पूर्ण सञ्चालनका लागि विद्यमान समस्या, समाधानका उपाय ल्याउन निर्देशन गरेका हुन् ।



छलफलमा प्रधानमन्त्री ओलीले निर्माण भएको लामो समयसम्म दुई विमानस्थल पूर्ण क्षमतामा सञ्चालन नभएर घाटा बेहोर्नु परेको तथा काठमाडौं विमानस्थलको क्षमताभन्दा बढी भएको विषयलाई गम्भीर रुपमा लिँदै त्यसका लागि आवश्यक सहजीकरण गर्न आग्रह गरे । प्रधानमन्त्री ओलीले दुवै विमानस्थल प्रभावकारी रुपमा सञ्चालनका लागि अध्यागमनलगायत अन्य सुविधा सञ्चालन गर्न, इन्धन भण्डारण विमानस्थल नजिक राख्न लागिएको भए अन्यत्र सार्न, हवाइ इन्धनको मूल्य घटाउन, मूल्य अभिवृद्धि कर र पर्यटन कर नलिने व्यवस्था गर्न, ग्राउण्ड ह्याण्डलिङ सेवा नियमअनुसार जुन निकायले पाउनुपर्ने हो त्यही निकायलाई दिन निर्देश गरे ।

छलफलपछि आगामी मन्त्रिपरिषद्को बैठकमा पेस गर्ने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव राजकुमार श्रेष्ठको संयोजकत्वमा सम्बन्धित सबै मन्त्रालयका सहसचिवहरु रहने कार्यदललाई विमानस्थल सञ्चालनको योजना ल्याउन जिम्मेवारी दिइएको छ ।

छलफलमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, श्रम तथा रोजगारमन्त्री शरत्सिंह भण्डारी, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल, आर्थिक मामिला सल्लाहकार डा.युवराज खतिवडा, नेपाल सरकार मुख्यसचिव लीलादेवी गड्तौला, प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव राजेश बज्राचार्यलगायत सहभागी थिए ।

# २५० महिलालाई ड्राइभिङ तालिम दिने यातायातमन्त्रीको निर्णय

**हेटौंडा/मस-** बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले महिलाहरुलाई निःशुल्क ड्राइभिङ तालिम दिने भएको छ ।



श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले पदभार ग्रहण गर्दै यस्तो निर्णय गरेका हुन् ।

प्रदेशमा सीपमुलक श्रमको अभिवृद्धि तथा यातायात क्षेत्रमा महिला सहभागिता वृद्धि गर्ने उद्देश्यले तालिमको व्यवस्था गर्न लागिएको मन्त्री महर्जनको भनाइ छ । सार्वजनिक यातायातको क्षेत्रमा महिला चालकको सहभागिता बढाएर आत्मनिर्भर बनाउने उदेश्यका साथ तालिको आयोजना गर्न लागिएको हो । यातायात क्षेत्रलाई समावेशी, मर्यादित एवं सुरक्षित बनाउन महिला चालक उत्पादन तथा महिला लक्षित रोजगार कार्यक्रम अन्तर्गत रहेर कम्तिमा २५० जना महिलाहरुलाई तीन पांग्रे तथा चार पांग्रे सवारी साधन प्रशिक्षण सीप प्रदान गर्ने मन्त्री महर्जनको भनाई छ ।

त्यस्तै, मन्त्री महर्जनले सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षामा तीन पटकसम्म फेल भएकाले ९० दिन सम्म कुर्नुपर्ने व्यवस्था खारेज गर्ने पनि निर्णय गरेका छन् । उक्त समय घटाएर १ महिनामा ल्याउने निर्णय गरिएको मन्त्री महर्जनले बताए । सो निर्णय कार्यान्वयनका लागि यातायात व्यवस्था विभाग, मीनभवन काठमाडौंलाई पत्र समेत पठाइएको उनको भनाइ छ ।

साउन ९ गते नेवारी भाषामा शपथ खाएका यातायात मन्त्री महर्जनले पदभार सम्हाले लगतै मन्त्रालय मातहतका कार्यालय तथा सेवाग्राहीहरुको समस्याको विषयमा चासो देखाएका छन् ।

सोही अनुसार गत सोमबार काठमाडौंमा मातहतका १३ वटा यातायात व्यवस्था कार्यालयका प्रमुखहरुसँग अन्तरक्रिया गरेका थिए । सो क्रममा उपस्थित कार्यालय प्रमुखहरुले आ-आफ्नो कार्यालय तथा सेवाग्राहीहरुको विषयमा जानकारी गराएका थिए । जसमा सेवाग्रहीहरुले सेवा लिनका लागि लामो समय खर्चनु पर्ने, हाल प्रयोग भइरहेको सर्भर डाउन हुने, लाइसेन्स छपाई ढिला हुँदा सेवाग्राहीहरुले भोग्नु परेका लगायतका समस्या राखेका थिए । उक्त समस्या समाधानका लागि मन्त्री मर्हजनले अबको केही दिनमा संघीय मन्त्री, बागमती प्रदेशका मन्त्री, सचिव, सम्बन्धित कार्यालयका प्रमुखहरु लगायतका सम्बन्धित व्यक्तिहरुको बैठक बसेर हाल यातायात क्षेत्रमा देखिएका समस्या समाधानका लागि अघि बढ्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

# पाँच लाखभन्दा माथिका सबै योजनाहरु टेन्डर गराउन निर्देशन

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, १८ साउन

लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रदेशभर यस अघिदेखि उपभोक्ता समिति तथा बिना प्रतिस्पर्धा निर्माण व्यवसायिलाई दिँदै आएको कोटेसन रोक्का गर्दै सबै योजनाहरु टेन्डर निकालेर कार्यान्वयन गर्न निर्देशन दिएका छन् ।



लुम्बिनी प्रदेश सरकारले मातहतका सबै कार्यालयहरुलाई पत्र पठाइ उपभोक्ता समिति र कोटेसनबाट गरिने काम नगर्न निर्देशन सर्कुलर गरेको छ ।

मुख्यमन्त्री नियुक्त भएको तीन दिनपछि मुख्यमन्त्री आचार्यको निर्देशनमा पाँच लाखभन्दा माथिका सबै योजनाहरु सबै विकासे कार्यालयहरुले प्रतिस्पर्धाबाट मात्रै सञ्चालन गर्न निर्देशन दिएपछि उपभोक्ता समितिमार्फत काम गराउँदै आएका सरकारी कार्यालयहरु अलमलमा परेका छन् ।

'लुम्बिनी प्रदेश सरकारले पाँच लाखभन्दा माथिका सबै योजनालाई प्रतिस्पर्धाबाट टेन्डर गराएर मात्रै कार्यान्वयनमा लैजान भनेको छ, सोही अनुसार हामी अगाडि बढ्दै छौं' एक इन्जिनियरले भने, 'हामी अहिले धमाधम योजनाहरुको स्टमेट गरिरहेकाले अब प्रक्रिया अगाडि बढ्ने छ ।'

मुख्यमन्त्री आचार्यले पाँच लाखभन्दा माथिका बजेट शीर्षक भएका सबै योजना प्रतिस्पर्धाबाट मात्रै कार्यान्वयन गर्न निर्देशन जारी गरेको मुख्यमन्त्रीका सचिवालयले पुष्टि गरेको छ ।

जिल्लाहरुमा करोडौं योजना जाने ती योजना कार्यान्वयन गर्दा प्रतिस्पर्धा नहुने, एकै प्रकारको व्यक्ति तथा उपभोक्ता समूहले मात्रै लाभ उठाउने जस्ता प्रवृत्ति हावी भएकाले सरकारी राजस्व वृद्धि गर्नका लागि पनि उपभोक्ता समिति र कोटेसनबाट गरिँदै आएको कामहरु रोक्का गरिएको हो ।

योजना छनोट गर्ने र कार्यान्वयन चरणलाई पारदर्शी जवाफदेही बनाउन पाँच लाखभन्दा माथिका सबै प्रकारका योजनाहरुको टेन्डर खोलिनेछ ।

मुख्यमन्त्री आचार्यले मध्यान्हसँग कुरा गर्दै भने, 'सरकारको लक्ष्य सुशासन कायम राख्ने, पारदर्शिता र जवाफदेहीता हुन् । प्रदेशको राजश्व वृद्धि गर्ने मुख्य जिम्मेवारी रहेको छ । अब हामीले राजश्व पनि वृद्धि गर्छौं ।'

भ्रष्टाचार नियन्त्रणका लागि पाँच वर्षे रणनीति पारित गरेको आचार्यले बताए । त्यस दिशामा सरकारले योजना निर्माण गरेर कार्यान्वयन शुरु गर्न निर्देशन दिएकोले यसलाई नीति कानून बनाएर अगाडि बढ्ने मुख्यमन्त्रीको भनाइ छ ।

मुख्यमन्त्री आचार्य भन्छन्,'योजना कार्यान्वयन गर्दा कोटेसनमा गर्ने, आफू अनुकूलका उपभोक्ता समिति बनाउने र उधारो काम गर्ने प्रवृत्ति बढेकोले त्यसलाई निरुत्साहित गर्नका लागि सबै प्रकारका योजनाहरु खुल्ला टेन्डर प्रकाशन गरी प्रतिस्पर्धा गराउनु भनी मुख्यमन्त्री कार्यालयले पत्रचार समेत गरेको छ ।'

उपभोक्ता समितिको नाम राख्ने तर, योजनाहरु ठेकेदारले कार्यान्वयन गर्ने गरेका रहेछन् । त्यो कुरा निरुत्साहित पार्नका लागि अब योजना कार्यान्वयन नीतिगत रुपमै उपभोक्ताहरुलाई गर्न नदिने गरी प्रतिस्पर्धा गराउन लागेको मुख्यसचिव महादेव पन्तले बताए । लुम्बिनी प्रदेश सरकारले चालू आर्थिक २०८१/०८२ का लागि ३८ अर्ब ९७ करोड रुपैयाँको बजेट ल्याएको थियो । अहिले लुम्बिनी प्रदेशभित्र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरु सिँचाइ कार्यालयहरुले धेरै जस्तो काम उपभोक्ता समितिबाट गराउँदै आएका थिए । ती कार्यालयले पनि अब सबै योजनाको टेन्डर अनिवार्य गर्नुपर्नेछ ।

साउन महिनाभित्र मन्त्रालयहरुले योजना कार्यान्वयनका लागि कार्यविधि बनाइसक्ने निर्णय प्रदेश सरकारले गरेको छ । योजना कार्यान्वयनमा हुने ढिलासुस्ती हटाउन कार्यविधि बनाउने कामलाई सरकारले प्राथमिकतामा राखेकोले पनि अब काम द्रुत गतिमा हुने छन् । प्रदेश सरकारले कोटेसनबाट गर्ने काम सबै बन्देज लगाउने योजना गत वर्षदेखि गरेपनि मुख्यमन्त्री आचार्यको निर्देशनमा योजना कार्यान्वयन भएको हो ।

त्यस्तै लुम्बिनी प्रदेश सरकारका मन्त्रीहरुले जिम्मेवारी प्राप्त गरेका छन् । मुख्यमन्त्री चेतनारायण आचार्य र कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरीबीच छलफल भएपछि शुक्रबार मन्त्रालयको जिम्मेवारी टुंगो लगाएका हुन् ।

सहमति अनुसार कांग्रेसबाट आर्थिक मामिला तथा योजना मन्त्रीमा गुल्मीका धनेन्द्र कार्की, सहरी विकास तथा खानेपानी मन्त्रीमा प्यूठानका सरोज थापा, वन तथा वातावरणमा बाँकेका बादशाह कुर्मी, उद्योग, पर्यटन तथा यातायात मन्त्रीमा दाङका प्रचण्डविक्रम न्यौपानेले जिम्मेवारी पाएका छन् । कांग्रेसले एक मन्त्री पठाउन बाँकी छ ।

एमालेबाट भौतिक पूर्वाधार विकास मन्त्रीमा रूपन्देहीका भूमिश्वर ढकाल, कृषि तथा भूमि व्यवस्था मन्त्रीमा गुल्मीका दिनेश पन्थी, स्वास्थ्य मन्त्रीमा पाल्पाका खेम सारु र ऊर्जा जलश्रोत र सिँचाइ मन्त्रीमा दाङकी सीता शर्मा चौधरीले जिम्मेवारी पाएको खानेपानी मन्त्री सरोज थापाले जानकारी दिए । १२ मन्त्रालय रहेको लुम्बिनीमा एमालेले मुख्यमन्त्रीसहित ५, कांग्रेसले ५ र दुई साना दललाई मन्त्रालय बाँडफाँड गरिएको थियो । आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालय र महिला तथा बालबालिका मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री आफैंले राखेका छन् ।

**Vacancy Annoucement**

One of the reputed recruitment agency is seeking for following applicants.

Salary 40 K + Commission

**PRO : 10 (Male/Female)**

Requirements:
Atleast 2 years experienced in the related fields.
SEND YOUR CV: aayushoverseas123@gmail.com
01 5918559 | 9808278950 |9823663346

AAYUSH OVERSEAS PVT. LTD.
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu, Nepal

## कुवेतमा रोजगार

कम्पनी: AL BURHAN REGIONAL WHOLESALE AND RETAIL TRADE COMPANY
शहर: Hawally
पूर्व स्वीकृत मितिः २०८१/०१/२७ चलानी नं.: ६०२१९२५६ LT. No.: 304506 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Drivers | 1 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६५,५९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 3 | 0 | | 100 | ४३,७२७ | | | | | | | |
| 3. | Sales | 2 | 0 | | 135 | ५९,०३१ | | | | | | | |

कम्पनी: AL BURHAN REGIONAL ELECTRICAL AND ELECTRONIC CONTRACTING COMPANY
शहर: Jahra
पूर्व स्वीकृत मितिः २०८१/०१/२७ चलानी नं.: ६०२१९२५९ LT. No.: 304504 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Driver | 1 | 0 | | 150 | ६५,५९१ | | | | | | | |

कम्पनी: PUFF CHICKS COMPANY FOR COLD AND HOT DRINKS (FOOD TRUCK)
शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८०/०६८/१९ चलानी नं.: ६०२११०३१ LT. No.: 295926 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook / Cook | 6 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५२,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | KICHEN UTENSILS CLEANER | 8 | 0 | | 100 | ४३,७२७ | | | | | | | |

अन्तर्वार्ता : मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २६ गते (10 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1542/ 078/079
LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.
( साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu, E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

## यूएईमा रोजगार

कम्पनी : SPARK SECURITY SERVICES - SOLE PROPRIETORSHIP L.L.C.
शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०३/२३ चलानी नं.: ६०२२२०१२ LT. No.: 307312

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 150 | 50 | स. काममा दक्ष | 2000 | ७२,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SPARK SECURITY SERVICES - SOLE PROPRIETORSHIP L.L.C.
शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०४/०६ चलानी नं.:६०२२२४८० LT. No.:307731

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 150 | स. काममा दक्ष | 2000 | ७२,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८१ साउन २६ र २७ गते (10 & 11 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SkyStar Recruitment Pvt.Ltd.
श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902345/5902346/5902344
Po box no: 19122, Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ADORE KUWAIT CO FOR SWEETS & PASTRIES
शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/१०/०८ चलानी नं.: ६०२१३५७१ LT. No.: 298581 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waitress | 0 | 1 | सम्बन्धित काममा दक्ष | 120 | ५२४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Person | 0 | 3 | | 130 | ५६८४५ | | | | | | | |
| 3. | Drivers | 3 | 0 | | 135 | ५९०३१ | | | | | | | |
| 4. | Commi Bekary | 0 | 1 | | 130 | ५६८४५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८१ साउन २६ गते (10 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

स्काई-वे म्यानेजमेन्ट प्रा. लि.
श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोन: ४५६०१६०, ४५७१४७१
Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com

## साइप्रसमा वैदेशिक रोजगारको अवसर

कम्पनी: D.I. MAIN-LINE JOB AGENCY LTD
शहर: LIMASSOL
पूर्व स्वीकृत मिति :२०८०/१२/१६ चलानी नं.:६०२१७६२३ LT. No.:302753 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | १४४,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter/Waitress | 3 | 5 | | 900 | १२९,८१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा मिति २०८० साउन २७ गते (11 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

Sundar Nepal Overseas Pvt. Ltd.
Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel. 01-4578460
Mo.: 986-0480301, 9841566228, 9851170602,Email: Sundarnpo@gmail.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonsmos.co.np
www.harvestmoongroup.com

व्यक्ति-चर्चा

# मानवताले ओतप्रोत 'राधिका आमा'

सत्ता र शक्तिको आडमा धेरैले आफ्नो विगत बिर्सन्छन् र आफूलाई अरुभन्दा फरक ठान्छन् । सत्ता र शक्तिको दुरूपयोग गरेर अकुत सम्पत्ति जोड्नेदेखि आफ्ना नातागोता र आसेपासेहरुलाई पोस्न खोज्नेहरु हाम्रै समाजमा छन् । तर सबै यस्तै हुन्छन् भन्ने पनि होइन, राधिका शाक्यजस्ता व्यक्ति पनि छन्, जसलाई सत्ता र शक्तिको भोक र उन्मादले कहिल्यै छोएन ।



■ कृष्ण अधिकारी

मानिसको धर्म नै मानवता हो। मानिसमा हुनुपर्ने मानवीय गुणहरूको विकास र पूर्णतालाई नै मानव धर्म भनिन्छ । धर्म भनेको प्राणीको कल्याण गर्नु हो। निस्वार्थपूर्वक गरिने मानव सेवाबाट मात्रै धर्म प्राप्तिको ढोका खुल्दछ । सेवा यति नै गर्नुपर्छ भन्ने छैन, जति सकिन्छ, त्यति गर्ने हो, मात्र पवित्र उद्देश्यका साथ गर्नुपर्छ । सामाजिक सेवा गर्नु भनेको मानवीय धर्म हो, जीवन सार्थक बनाउने प्रयास हो । यही पवित्र विचार राखेर मानवीय सेवामा लागि परेकी छिन्, राधिका शाक्य । उनलाई प्रधानमन्त्री केपी शर्मा ओलीको धर्मपत्नीको रूपमा मात्र नभई समाजसेवी, परोपकारी र आश्रयविहीनहरूको आमाको रूपमा धेरैले चिन्न थालेका छन् ।

सत्ता र शक्तिको आडमा धेरैले आफ्नो विगत बिर्सन्छन् र आफूलाई अरुभन्दा फरक ठान्छन् । सत्ता र शक्तिको दुरूपयोग गरेर अकुत सम्पत्ति जोड्नेदेखि आफ्ना नातागोता र आसेपासेहरूलाई पोस्न खोज्नेहरू हाम्रै समाजमा छन् । तर, सबै यस्तै हुन्छन् भन्ने पनि होइन, शाक्यजस्ता व्यक्ति पनि छन्, जसलाई सत्ता र शक्तिको भोक र उन्मादले कहिल्यै छोएन। सबैप्रति उत्तिकै प्रेम, स्नेह र अभिभावकत्व नै उनको पहिचान बनेको छ । आफूलाई सधैँ सामान्य राख्न चाहने र अरुका लागि सक्दो सहयोग र स्नेह भाव राख्ने व्यक्तित्व हुन् उनी । सादा जीवन उच्च विचार भन्ने आदर्शबाट प्रभावित उनीमा कहिल्यै आडम्बर, घमण्ड आएन। मुलुकको चारपटक प्रधानमन्त्री बनिसकेका ओलीको धर्मपत्नी उनी एक साधारण महिला मात्र नभएर धेरैलाई मातृत्व भाव दिनसक्ने आमा पनि हुन् ।

सन्तान जन्माउने धेरै महिलाले आफ्ना सन्तानलाई जसरी मातृत्व पोख्न सक्छिन्, आफ्नै कोखबाट सन्तान नजन्माए पनि उनले धेरै असाहायलाई आमा जत्तिकै स्नेह र ममता दिएकी छिन्। उनकै मातृत्वमा आज धेरैले न्यानो स्नेह र माया पाएका छन्, अभिभावक पाएका छन्। साँच्ची भन्नुपर्दा आमा पाएका छन् । सन्तानको खुसी उन्नतिको सधैँ प्राथना गर्ने आमामा हुने धेरै गुणहरू उनमा रहेको पाइन्छ। उनी भन्छिन्, "आफ्नै कोखबाट सन्तानलाई जन्म नदिएकाले सन्तानलाई गरिने माया कस्तो हुन्छ मलाई थाहा छैन। यदि मेरा छोराछोरी भएको भए पनि उनीहरूको भन्दा धेरै माया तिनै असहायहरू र असाहयको सेवामा समर्पित अभियन्ताहरूको लाग्ने गर्दथ्यो होला ।'' आमाले दिने माया संसारमा अरूबाट पाउने मायासँग तुलना गर्न सकिन्न ।

"मेरो विवाह हुनुमा पनि मानवीयताले काम गरेको छ'', उनी भन्छिन्, "१४ वर्षसम्म जेलमा बिताएका, हेर्दै दुब्लो,



शाक्यसँग लेखक ।

पातलो खियाउटे, र राज्यको नजरमा देशद्रोही मानिएको व्यक्ति जो राज्यबाट कुनै पनि बेला मारिन सक्थ्यो, त्यस्तो व्यक्तिसँग मैले बिहे गुर्नको मूल कारण मानवताप्रतिको सच्चा निष्ठा थियो ।'' पाटनकी रैथाने नेवारकी छोरी, स्नातकोत्तर पास गरिसकेकी उनले भनेजस्तो केटा नपाउने कुरै थिएन । उनी सम्झन्छिन्, "कतिपयले मलाई भनेका पनि थिए तिमीले ओलीसँग विवाह गरेर ठूलो गल्ती गऱ्यौ तर मभित्रको मानवताले देश बनाउन हिंडेको मान्छेलाई साथ दिनुपर्छ, सहयोगी बन्नुपर्छ, विवाह धनदौलत र रूपसँग गरिने होइन भन्ने भावले जित्यो । सम्पूर्ण जीवन उहाँसँगै बिताउने निधो गरेँ, यसैमा खुशी छु ।''

मध्यम वर्गको परिवारमा जन्मे हुर्केकी उनलाई गरिबी, दु:ख, अभाव के हो भन्ने राम्रोसँग थाहा छ। उनी भन्छिन्, "सानैदेखि गरिब, दु:खी बाटोमा मागेर बस्नेप्रति निकै माया लाग्थ्यो। उनीहरूका निम्ति केही सहयोग गर्न पाए हुन्थ्यो भन्ने भावले सधैँ पछ्याइरहन्थ्यो ।" उनलाई एउटै कुराको चिन्ता छ, समाजमा रहेको आर्थिक-सामाजिक विभेद् कहिले अन्त्य होला ? मानिसहरूले एकछाक खान र सुविस्ताले बस्न कहिले पाउलान् ? जसरी एउटी आमा आफ्ना सन्तानले दु:ख पाएको हेर्न सक्दिनन्, त्यसैगरी उनी पनि असहाय, सहाराविहीन अवस्थामा रहेका बाआमा, बाबुनानीहरूको अवस्था देख्दा निकै चिन्तित बन्छिन् ।

उनीभित्रको परोपकारी र सहयोगी भावनाले साक्षात् आमाको अभाव पूरा गर्दछ। गोरखा भूकम्पका बेला होस् वा कोरोना महामारीका बेला उनी आफै अस्पतालमा पुगेर थुप्रैको सहारा बनेकी थिइन् । महिला भएर पनि उनमा कहिल्यै गरगहना, लवाइखुवाइमा कुनै सोख छैन । फजुल खर्चलाई सेवामा लगाउन उनको आग्रह छ। निस्वार्थपूर्वक सेवामा समर्पित हुँदै आइरहेका थुप्रै परोपकारी समाजिक सङ्घसंस्थालाई हरतरहबाट नियमित साथ र सहयोग समेत प्रदान गर्दै आइरहेकी उनलाई केही सहयोग गर्न पाएको क्षण औधी रमाइलो लाग्छ ।

उनको विचारमा आध्यामिक हुनु भनेको धार्मिक हुनु, मठमन्दिरमै गएर पूजापाठ गर्नुपर्छ भन्ने होइन, आफ्नो धर्म संस्कृतिको सार बुझेर त्यसैअनुसार आफ्नो जीवनलाई अगाडि बढाउनु हो। मानवीय भावनाको विकासले नै सभ्य र अनुशासित समाजको निर्माण गर्न सकिन्छ। यसका लागि ठूलो लगानी आवश्यक पर्दैन । हामीले आफ्ना जन्मदिन, विवाहत्सव, पितृ कार्यहरूमा मानवसेवामा क्रियाशील संस्थाहरूमार्फत मानवसेवामा आफ्नो पनि सहभागिता जनाउन सकिन्छ । उनी भन्छिन्, "केही वर्षयता म र मेरो श्रीमान् दुवैको जन्मदिन, अभिभावकका पुण्यतिथि एवं खुसीका क्षणहरू मानवसेवा आश्रम लगाएर विभिन्न परोपकारी सेवामा समर्पित आश्रमहरूमा गएर मनाउँछौं । यसो गर्न पाउँदा खुशी मिल्छ ।" उनले यसै वर्ष पनि श्रावण सङ्क्रान्तिका अवसर एवम् प्रधानमन्त्रीको नियुक्ति भएको दिन मानवसेवा आश्रममा आश्रित आमाबुबा र बाबुनानीहरूका लागि एक दिनको विशेष भोजन सेवा प्रदान गरेकी थिइन् ।

जीवनमा मानव भएर जन्मेपछि सार्थकता पाउने एउटै मात्र बाटो निस्वार्थपूर्वक गरिने मानवसेवा नै हो । मानव जस्तो अत्यन्त विकसित, महत्वपूर्ण र मूल्यवान धर्तीको उपज, सृष्टि, त्यसले यही धर्तीमा भौँतारिएर बाँच्नुपर्ने, सहाराविहीन हुनुपर्ने, गाँस बास र कपासको प्रबन्ध, हेरविचार हेरचाह, बन्धुत्व, मित्रता केही पनि नपाएर बस्नुपर्ने जस्ता कुरा मानव समाजका लागि पटक्कै शोभनीय होइनन् । मानिस चाहे शारीरिक अपाङ्गता, अशक्त होस् अथवा गरिखान नसक्ने, मानसिक अस्वस्थता, प्राकृतिक विपत्ति अथवा अरू जेसुकै कारण भए पनि कोही पनि मानवोचित जीवनबाट वञ्चित हुन नपरोस् भन्ने नै आफ्नो अभिष्ट रहेको उनी बताउँछिन् ।





> उनलाई एउटै कुराको चिन्ता छ, समाजमा रहेको आर्थिक-सामाजिक विभेद कहिले अन्त्य होला ? मानिसहरूले एकछाक खान र सुविस्ताले बस्न कहिले पाउलान् ? जसरी एउटी आमा आफ्ना सन्तानले दु:ख पाएको हेर्न सक्दिनन्, त्यसैगरी उनी पनि असहाय, सहाराविहीन अवस्थामा रहेका बाआमा, बाबुनानीहरूको अवस्था देख्दा निकै चिन्तित बन्छिन् ।

मानिसमा नभई नहुने अर्को महत्वपूर्ण गुण हो, परोपकारी भावना। परोपकार गर्नु पुण्य हो भने अरुलाई दु:ख दिनु पाप हो भन्ने बुद्धको भनाइ नै उनको जीवनको आदर्श बनेको छ। उनी भन्छिन्, "परोपकार नै ठूलो धर्म हो । गरिब, असहाय, दीनदु:खीको सेवा हामी सबैले गर्नुपर्छ। उनीहरूको सेवा गर्नु नै भगवानको सेवा गर्नु सरह हो।'' संसारमा भएका सबै धर्मले पनि यही भनेको छ। आज मान्छेले मानवताको महान लक्ष्य र आधारलाई बिर्सेर आफूलाई सङ्कीर्ण सीमाभित्र राखेको देख्दा उनलाई दु:ख लाग्छ । उनी भन्छिन्, "हरेक मान्छे आफूलाई हिन्दू हुँ, मुसलमान हुँ, इसाई हुँ, शिख हुँ, बौद्धिष्ट हुँ भन्छ तर हिन्दू, मुस्लिम, शिख, इसाई अथवा बौद्धिष्ट हुनुभन्दा पहिले हामी मानव हौँ भन्ने कुरा उसले बिर्सेको छ।'' मानव हुनुको नाताले मानवको वास्तविक धर्म मानव धर्म हो भन्ने बुझ्न नसक्नेलाई बुझाउन जरुरी रहेको उनी बताउँछिन्।

**मानवसेवा आश्रममा कसरी जोडिनुभयो राधिका ?**

उनको यही मानव धर्मप्रतिको प्रतिबद्धता र सेवा भावले मानवसेवा आश्रमसँग गहिरो सम्बन्ध जोडिएको छ । मानवसेवा आश्रमसँग सम्बन्ध जोडिएको भने त्यति धेरै भएको छैन । २०७५ चैतमा एक दिन कुनै अनलाइन मिडियामा काठमाडौं महानगरपालिका र मानवसेवा आश्रमको सहकार्यमा सडकमा वेवारिस अवस्थामा रहेका मानवको उद्धार गरी एक महिलालाई सामाखुशीस्थित मानव सेवा आश्रममा राखिएको भन्ने समाचारमा उनको नजर पुग्यो। समाचारले उनलाई ती असहायहरूसँग भेट्ने इच्छा जाग्यो। उनी आश्रमको ठेगाना सोध्दै सामाखुशीस्थित आश्रममा पुगिन् र त्यहाँ रहेका आश्रितहरूसँग कुराकानी गरिन् । तिनीहरूका कुराले उनलाई निकै भावुक बनायो । निस्कने बेलामा आश्रमलाई रु. २५ हजार सहयोग दिइन् र त्यहाँ रहेका सेवकसेविकालाई भनिन्, "भरे तपाइँहरूको मुख्य अभियन्तालाई मलाई सम्पर्क गर्न भनिदिनुहोला ।' उनले दिएको सहयोग रसिदमा नाम र सम्पर्क नम्बर उल्लेख थियो।

साँझ दैनिक समीक्षामा सहयोग गर्ने दाता को रहेछ भनी बुझ्दा प्रधानमन्त्रीपत्नी रहेको थाहा पाएपछि सम्पर्क गर्दा उनले आफू आश्रमको सेवा कार्यबाट निकै प्रभावित भएको बताउँदै उनले भोलिपल्ट बिहानै बालुवाटारमा बोलाइन् । त्यतिबेला केपी शर्मा ओली दोस्रोपटक मुलुकको प्रधानमन्त्री थिए। आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारी भन्छन्, "उहाँसँगको भेट र उहाँले प्रदान गर्नु भएको स्नेहले मानवीय सेवामा समर्पित हामी अभियन्ताहरूलाई एउटा जिम्मेवार अभिभावक पाएको अनुभूति भयो। २०६९ सालदेखि आश्रम शुरू गरेको भए पनि राज्यबाट जिम्मेवारपूर्ण सहयोग र अभिभाकत्व पाएका थिएनौँ । हाम्रा कामहरूका बारेमा राज्यका उच्च निकायका व्यक्तित्वहरूसँग राख्ने अवसर नै पाएका थिएनौँ। तर राधिका आमाले हामीलाई प्रधानमन्त्रीकै उपस्थितिमा आश्रम सञ्चालन गर्दाका समस्याहरू र हाम्रा अपेक्षाहरूको प्रस्तुति राख्ने वातावरण बनाइदिनुभयो ।''

मानवसेवा आश्रमले केही वर्षदेखि सञ्चालन गर्दै आएको मेची महाकाली राष्ट्रिय उद्दार यात्रालाई शाक्यको निरन्तर सहयोग र सद्भाव रहँदै आएको छ। उनी भन्छिन्, "अभियानमा आफू प्रत्यक्ष सहभागी हुन नसके पनि दीनदु:खी र असहायको सेवा गर्दा मनमा शान्ति मिल्छ, पुण्य सङ्ग्रह बढ्छ। मानवसेवा आश्रमले गरिरहेको सत्कर्मको पुण्य मलाई पनि मिलोस् भनेर अभियानप्रति मेरो समर्थन र साथ रहँदै आएको छ।'' आश्रमका हरेक गतिविधिहरूमा उनी सम्भव भएसम्म आफैँ सहभागी हुन्छिन्, नभए शुभेच्छा दिन्छिन्। पहिलोपटक २०७७ पुस महिनामा भएको मेची-महाकाली राष्ट्रिय उद्दार अभियानमा निस्केका आश्रमका अभियन्तालाई शाक्यले उद्दार सेवामा आवश्यक सामग्रीहरू दिँदै प्रधानमन्त्रीकै उपस्थितिमा बालुवाटारबाटै बिदाइ गरेकी थिइन् । मानवसेवा आश्रमले आनी छोइङ डोल्मा फाउण्डेशनको सहकार्यमा गत वर्ष पनि बेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावकविहीन, मानसिक तथा शारीरिक रूपमा कमजोर सडक आश्रित मानवहरूको उद्धार, पारिवारिक पुनर्मिलनदेखि उनीहरूसँगै दसैं, तिहार, छठजस्ता पर्वहरू मनाउने गरी एक महिने अभियान सञ्चालन गर्दा पनि उनले हरेक दिन अभियानकर्मीहरूलाई फोन गरेरै उत्साह भर्ने गरेकी थिइन् ।

आश्रमले छोटो समयमै घरपरिवार र आफन्तविहीन भई खुला आकाशमुनि कष्टपूर्ण जीवनयापन गर्न बाध्य, आफ्नो लागि आफैँ केही गर्न नसक्ने अवस्थामा रहेका, हेरचाह र पालनपोषण गरिदिने समेत कोही नभई सडक आश्रित हुन पुगेका सहयोगापेक्षी सडक आश्रित मानवहरूको मानवसेवा आश्रमले उचित संरक्षण र पालनपोषण गर्दै आएको कार्यबाट प्रधानमन्त्री पनि निकै प्रभावित छन्। प्रधानमन्त्रीले विभिन्न कारणबाट सडक आश्रित हुन पुगेका सहयोगापेक्षी सडक आश्रित मानवको अभिभावक राज्य बन्नुपर्ने र सहयोगापेक्षी सडक मानवमुक्त गराउने मानवसेवा आश्रमको अभियानमा सरकार साथमा रहेको र यसका लागि आवश्यक अभिभाकत्व रहिरहने बताएका छन् । उनी यसपटक प्रधानमन्त्री भएलगत्तै बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले २०८२ असार मसान्तसम्म सडक बालबालिकामुक्त गराउने निर्णय गरेको बताएका छन्।

२०८२ सालभित्र नेपाललाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण गरी घोषणा गर्ने मानवसेवा आश्रमको संकल्पलाई सरकारले अभिभाकत्व ग्रहण गरी आफ्नो नीति तथा कार्यक्रममा प्राथमिकताको साथ राखेको छ । सरकारको सहयोगी बनेर २०८२ सालभित्र नेपाललाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त बनाउने अभियानमा सक्रियतापूर्वक सातै प्रदेशहरूमा मानवता प्रवर्द्धन, जागरण एवम् सहयोगापेक्षीहरूको उद्दारका कार्यक्रमहरू नियमितरूपमा सञ्चालन भइरहेको अधिकारी बताउँछन्।

आश्रमले २०८२ सालभित्र सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको लक्ष्यसहित देशव्यापीरूपमा सडकपेटी र सार्वजनिक स्थलहरूमा कष्टपूर्ण जीवन बिताउन विवश अनाथ, अपाङ्ग, अशक्त, असहाय, शारीरिक तथा मानसिकरूपमा अतिकमजोर मानवहरूको उद्धार, उपचार, पालनपोषण एवं पारिवारिक पुनर्मिलन गराउँदै आएको छ। हाल देशभर सात प्रदेशको १९ जिल्लामा २४ वटा सेवा केन्द्र सञ्चालनमा रहेको आश्रमले ७७ जिल्लाबाट सहयोगापेक्षी सडक आश्रित मानवको उद्धार गर्दै आइरहेको छ । आजसम्म एक हजार सात सय बेसहारा सडक मानवको प्रत्यक्ष संरक्षण गर्दै आइरहेको यस आश्रमले १० हजारभन्दा बढीको उद्धार गर्नुका साथै, चार हजारभन्दा बढीको सफल पारिवारिक पुनर्मिलन गराउन सफल भैसकेकाले पनि अभियानलाई निष्कर्षमा पुऱ्याउन सबै नेपालीको साथ सहयोग हुनुपर्ने उनको धारणा छ ।

**कुशल गृहिणीदेखि लेखिकासम्म**

मुलुकको प्रमुख राजनीतिक पार्टीको अध्यक्ष तथा पटक-पटक प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेका व्यक्तिको अर्धाङ्गिनी उनी भने राजनीतिलाई भन्दा समाजसेवामै रमाउन चाहन्छिन् । उनले चाहेको भए सांसद, मन्त्री वा अन्य महत्वपूर्ण जिम्मेवारी नपाउने कुरै थिएन तर, त्यसतर्फ उनको कहिल्यै ध्यान गएन। उनलाई पनि राजनीतिमा चासो नभएको त होइन तर, राजनीतिलाई स्वार्थका लागि प्रयोग गरिनुहुन्न भन्ने मान्यता राख्छिन् । "राजनीति समाजसेवा हो, देश र जनताका लागि गरिने विशुद्ध कर्म हो तर हामी कहाँ त पदमा पुग्ने, कमाउने माध्यम बनेको छ'', उनी भन्छिन् । विभिन्न नियुक्ति, ठेक्कापट्टा वा अवसरका लागि आउने नातागोता वा चिनेजानेका जो कोहीलाई पनि उनको एउटै जवाफ हुन्छ, "हामीले नै यसरी भनसुन गर्न लाग्यौं भने त्यस्तो गराउन नसक्नेको अवस्था के होला ? सबैले आफ्नो क्षमताअनुसार अवसर पाउनुपर्छ ।"

उनी एक उदाहरणीय श्रीमती हुन्, जसको ढाडस, हौसला र साथले नै ठूला रोगहरू लाग्दा पनि प्रधानमन्त्री ओलीले त्यसलाई सजिलै जित्न सकेका छन् । ओलीको स्वास्थ्य अवस्थाले ओछ्यानमा जाउलो खाएर बस्नुपर्नेमा मुलुकको गहन जिम्मेवारी सहजै फूर्तिसाथ बोकेका छन् । राजनीतिका अनेक उतारचढावलाई पनि सजिलै पार लगाउन सक्नु सामान्य कुरा होइन । साढे तीन दशकदेखिको श्रीमतीको प्रेम, हेरचाह र सकारात्मक भावकै कारण ओली देशको राजनेता बनेका छन्। उनको बेगाद छवि र हौसलाले जस्तोसुकै चुनौती र समस्यासँग जुध्दै सफलता चुम्न बल पुगेको छ। उनी अनावश्यक मान्छेहरूसँग भेट्न चाहन्नन्। आफ्नै घरधन्दाले एकछिन फुर्सद हुँदैन। घरमा आउने नेता, कार्यकर्तालाई चियापान भयो भएन भन्नेदेखि घरमा सहयोग गर्नेहरूको खानपिन, श्रीमानको हेरविचार र करेसावारीको कामधन्दाले धेरै कुरा सोच्ने फुर्सद नै हुँदैन। घरको छतमा गरेको कौसीखेती हेर्नलायक छ । "अब बालुवाटार आएकी छु, अलि घरधन्दाको बोझ कम हुन्छ कि ?", उनी भन्छिन्, "तर घरको चिन्ता पनि उत्तिकै छ ।''

उनमा एक समाजसेवी, असल गृहिणी मात्र नभएर सफल लेखिकाको परिचय पनि थपिएको छ। विवाहपश्चात् जीवनका विभिन्न कालखण्डमा भोगेका केही रोचक र अधिकांश क्रुरतम् र पीडादायी क्षणहरूका अनुभूतिहरूलाई आँसुका शब्दमा उनले 'मेरा अनुभूति' नामक पुस्तक लेखेर जीवनका अनेक भोगाइहरूलाई निकै मिठासपूर्ण ढङ्गबाट प्रस्तुत गरेकी छिन्। पुस्तक पढ्ने जो कोहीले पनि उनको लेखनकलाको प्रसंशा नगरी रहन सक्दैन। पुस्तकबाट थुप्रै ऐतिहासिक जानकारी पाउन सकिन्छ। श्रीमानको उपचारको क्रममा स्वदेश र विदेशका अस्पतालहरूमा बस्दाका क्षणदेखि राजनीतिकरूपमा सहनुपरेका अनेक हण्डरहरूलाई निकै भावुकरूपमा अक्षरमा उतारेकी छिन् ।

## कविता : म एक पुरुष



डिक्सन श्रेष्ठ

गहुँगोरो वर्ण
आकाश हेरिरहेको ठाडा कपालहरू
सिमलका भुवाझैँ फक्रिएका दारी
बहादुरीको झल्को देखाउने मुठी एक जुँगा
बलिष्ठ पाखुराहरू
कोठा छुट्टिएका छाती
बोलीमा देखिएको दम
जोस
आट
साहस
निडर
अनि,
शक्तिको उपमा पाएको म एक पुरुष ।

तिमीलाई लाग्दो हो
म अक्सिजन बिना पनि बाच्न सक्छु
ब्ल्याक सिको पिँधमा पनि उत्रन सक्छु
माउन्ट केटुबाट युद्ध विरामको शङ्ख फुक्न सक्छु
उल्लुलाइ बोकेर तिम्रा सामु पछार्न सक्छु
साइबेरीयाबाट रंगीबिरंगी चराहरू ल्याउन सक्छु
अमेजनको डढेलो निभाउन सक्छु
चीलले झैँ माउन्ट एभरेस्टको शिर टेक्न सक्छु
यी हत्केलाले घाम छेक्न सक्छु
कालीगण्डकीबाट शालिग्राम टिप्न सक्छु
फेवातालबाट माछापुच्छ्रेको आकृति छिप्न सक्छु ॥

तिमीलाई यो पनि थाहा छ
प्यासमा पनि मेरा ओठहरू सुक्दैनन्
बेइज्जती र अपहेलनमा पनि मेरा शिरहरू झुक्दैनन्
अन्धकारमा पनि मेरा आँखाहरूले गन्तव्य बिर्सन्नन्
चोटहरूमा पनि मेरा मन दुख्दैनन् ॥

मन त तब दुख्छ
मन त तब दुख्छ
जब,
तिम्रो शरीर नछुँदा पनि म नामर्द कहलिन्छु
अनि,
तिम्रो शरीर छोइदिऊ भने पनि म बलात्कारी ठहरिन्छु
हो,
यस्तै हो संसारले देखेको,
म एक पुरुष ॥

## चार मुक्तक



जयनारायण नेपाल

१.
रहेछन् यी त चोरमाथि चण्डाल
उद्देश्य देशलाई पार्ने कंगाल
दुनियाँको आँखामा छारो हाली
नाटक गर्छन् बनाउन मण्डाल ॥

२.
कति हेर्नु नौटंकी जात्रा
हिरो होइनन् खल पात्र ।
नाटक गर्छन् कति-कति
अति हुँदा मिलेन मात्रा ॥

३.
छाता र नाताको सम्बन्ध जस्तो
भन्न नै नमिल्ने रहेछ कस्तो ?
अनुकूल भए प्रयोग हुने
अरु बेला हुने हलुका सस्तो ॥

४.
राजनीति भयो जुवाको खाल
बिग्रँदै गयो यो देशको हाल
सतिको सराफ परेर हो कि
सर्वत्र देखिन्छ माकुरे जाल ॥

## तपाईको राशिफल

मेष : पुराना कार्य सम्पन्न हुनेछ। भवन निर्माण कार्यमा खर्च हुनेछ ।

वृष : दैनिक जीवन सुखी रहनेछ। आहारमा ध्यान दिनुपर्छ।

मिथुन : भाग्यमा वृद्धि हुने योग छ । नयाँ सम्पर्क बन्ने योग छ।

कर्कट : पेट सम्बन्धी समस्याको योग छ । आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ।

सिंह : बाहिरी सहयोगमा कमी आउनेछ। कुनै पनि कार्यमा हतार नगर्नुहोला ।

कन्या : शुभ समाचार प्राप्त हुनेछ। व्यवसायिक यात्रा सफल हुनेछ ।

तुला : जग्गा खरिद हुने योग छ। सम्मानमा वृद्धि हुनेछ।

वृश्चिक : स्वास्थ्य राम्रो रहनेछ। राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ ।

धनु : काम गर्दा गर्दै अचानक रिस उठ्न सक्छ। पारिवारिक खुशी प्राप्त हुनेछ ।

मकर : आय वृद्धि हुनेछ । राजनैतिक कार्यमा रोकावट आउनेछ ।

कुम्भ : पारिवारिक कार्य सफल हुनेछ। उन्नतिको मार्ग प्रशस्त हुनेछ ।

मीन : व्यर्थको यात्रा र परेशानीको योग छ। साहसिक कार्य सफल हुनेछ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# गर्मीजन्य समस्याका कारण युरोपमा वर्षेनी एक लाख ७५ हजारको मृत्यु



**काठमाडौं/एजेन्सी-** विश्वका अन्य देशहरुको तुलनामा तापक्रम तीव्र गतिमा बढिरहेको युरोपमा गर्मीका कारण वर्षेनी एक लाख ७५ हजारभन्दा बढी मानिसको मृत्यु हुने गरेको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को युरोपेली शाखाले बिहीबार जनाएको छ ।

डब्लुएचओले सन् २००० देखि २०१९ को बीचमा हरेक वर्ष गर्मीका कारण भएका चार लाख ८९ हजार मृत्युमध्ये युरोपेली क्षेत्रमा ३६ प्रतिशत अर्थात् औसतमा एक लाख ७६ हजार ४० जनाको मृत्यु हुने गरेको जनाएको छ ।

स्वास्थ्य निकायका अनुसार यस क्षेत्रको तापक्रम विश्वको औसत दरभन्दा झन्डै दोब्बरले बढिरहेको छ । डब्लूएचओको युरोपेली क्षेत्रमा ५३ देशहरू छन्, जसमा मध्य एसियाका केही देशहरू पनि समावेश छन् ।

डब्लुएचओका युरोप क्षेत्रीय निर्देशक हान्स क्लुजले भने, 'मानिसहरूले अन्तिम मूल्य चुकाइरहेका छन् ।' डब्लुएचओका अनुसार विगत दुई दशकमा यस क्षेत्रमा गर्मीका कारण हुने मृत्युदरमा ३० प्रतिशतले वृद्धि भएको छ । क्लुजले भने, 'तापक्रमको चरम सीमाले मुटु, श्वासप्रश्वास, सेरेब्रो-भास्कुलर डिजिज, मानसिक स्वास्थ्य र मधुमेहसँग सम्बन्धित रोगलगायत दीर्घकालीन अवस्थालाई बढाउँछ ।'

अत्यधिक गर्मी विशेष गरी वृद्धवृद्धाका लागि समस्या र गर्भवती महिलाका लागि 'अतिरिक्त बोझ' हुन सक्ने उनले बताए । डब्लुएचओका अनुसार मानव शरीरले आफ्नो तापक्रम कायम राख्न नसकेपछि उत्पन्न हुने गर्मीको तनाव यस क्षेत्रमा जलवायुसम्बन्धी मृत्युको प्रमुख कारण हो ।

विश्वव्यापी तापक्रम वृद्धिका कारण आगामी वर्षहरूमा गर्मीका कारण मृत्यु हुनेको सङ्ख्या बढ्ने डब्लुएचआले जनाएको छ । क्लुजका अनुसार सन् २०२० यता यस क्षेत्रका लागि सबैभन्दा तातो तीन वर्ष भएका छन् भने सन् २००७ पछि १० बर्ष अत्यधिक तातो वर्षका रूपमा रेकर्ड भएका छन् ।

गत जुलाई २५ मा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले मानव जाति 'अत्यधिक गर्मीको महामारी'बाट पीडित भएको चेतावनी दिँदै जलवायु परिवर्तनका कारण उत्पन्न गर्मीको लहरको प्रभावलाई सीमित गर्न कदम चाल्न आह्वान गरेका थिए ।

# टर्कीद्वारा इस्लामिक स्टेटका ९९ संदिग्ध सदस्य पक्राउ



**काठमाडौं/एजेन्सी-** टर्कीका गृहमन्त्री अली येर्लिकायाले शुक्रबार मुलुकभर गरिएको हालैको छापामारीमा इस्लामिक स्टेट (आइएस) जिहादी समूहका ९९ संदिग्ध सदस्यलाई पक्राउ गरिएको बताएका छन् ।

उनले सामाजिक सञ्जाल एक्समा मुख्यगरी अंकारा र पश्चिममा इजमिरका साथै केन्द्र, पूर्व र दक्षिणमा तिनीहरूलाई पक्राउ गरिएको बताए । 'पछिल्लो तीन दिनमा जियुआरजेड-४ अपरेसनमा ९९ संदिग्धलाई पक्राउ गरिएको छ,' उनले भने, 'हामी कुनै पनि आतंकवादीलाई सहने छैनौं ।'

टर्कीका अधिकारीहरूले हालैका वर्षहरूमा कथित आइएस सदस्यहरूको थुप्रै सामूहिक गिरफ्तार गरेका छन् । हालै मार्चमा एक सय ४७ जनाको गिरफ्तारीको घोषणा गरिएको थियो ।

ती गिरफ्तारीपछि गृहमन्त्री येर्लिकायाले प्रहरीले जिहादी समूहसँग सम्बन्ध रहेको आशंकामा दुई हजार नौ सय १९ जनालाई हिरासतमा लिएको जानकारी दिए । स्थानीय अधिकारीहरूका अनुसार गत मार्चमा मस्कोको क्रोकस सिटी हलमा एक सय ४५ जनाको हत्या गर्ने आक्रमणकारीहरूमध्ये दुई जनाले रुस जानुअघि धेरै साता टर्कीमा बिताएका थिए । उक्त आक्रमणको जिम्मेबारी आइएसले लिएको थियो ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०४/१९**

इङ्गलिश ई. एण्ड पी. लर्निङ्ग हव प्रा.लि.को २०८१/०३/२० गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इङ्गलिस हव प्रा.लि. (प्रा.लि. नं.: २५२८९७)** कायम गर्ने गरी मिति २०८१/०३/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

उद्योग विभाग, त्रिपुरेश्वरमा मिति २०८०/०६/३० मा दर्ता भएको उद्योग दर्ता नं. ६८६४ को चेपे खोला क्यास्केड जलविद्युत आयोजना नामको उद्योगको स्वेच्छिक खारेजी गर्नको लागि डायनामिक हाइड्रो इनर्जी प्रा.लि. को मिति २०८०/१०/१६ को विशेष साधारणसभाले निर्णय गरी उद्योग विभागमा निवेदन पेश भएको हुँदा यस उद्योगसँग तपसिलमा उल्लेख गरे बमोजिम कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्य युक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदावी गर्न उद्योग विभाग, त्रिपुरेश्वर मा वा डायनामिक हाइड्रो इनर्जी प्रा.लि. को केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौं, फोन नं. ०१-४५४२७८२ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

तपसिलः

१. उद्योगमा कार्यरत कर्मचारी/कामदारलाई उद्योगको तर्फबाट तिर्न बुझाउन कुनै दायित्व बाँकी भएमा ।
२. उद्योगको विरुद्ध नेपाल सरकारको कुनै निकाय, अदालत वा अन्य निकायमा कुनै उजुरी परेको भएमा ।
३. नेपाल सरकारका कुनै निकायलाई उद्योगको तर्फबाट कुनै राजश्व जरिवाना वा कुनै दायित्व तिर्न वा बुझाउन बाँकी भएमा ।

**डायनामिक हाइड्रो इनर्जी प्रा. लि.**
ठेगानाः ज्ञानेश्वर, काठमाडौं, फोन नं.: ०१४५४२७८२


## साउदीमा रोजगार

कम्पनी : WESTERN LIGHTS INTERNATIONAL TRADING COMPANY
शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०८०/१२/१४ | चलानी नं.: ६०२१९३०३ | L.T. No.: 304495 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २६ गते (10 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४

**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
Jhapa: 9801401300 | 9801427301 | 9801427304, Butwal: 9802676987
Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035
Itahari Contact No: 9816368105/9810591900

## CYPRUS मा रोजगार

कम्पनीः E.T. TRUST EMPLOYMENT
शहरः LIMASSOL

पूर्व स्वीकृत मितिः २०८१/०४/१७ | चलानी नं.: ६०२२३००४ | L.T. No.: 308306

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 400 | ५७,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २६ गते (10 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**CROWN OVERSEAS CONSULTANCY PVT. LTD.**
Gov. License No.: 225/058/059
Chhetra Bikram Marga, Kathmandu I Ph.: 01-4002596,4002680/65
Email: pradhancrown@gmail.com

## कुवेतमा रोजगारको अवसर ।

कम्पनी : Mana ME Restaurant Company
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः२०८०/०९/१२ | चलानी नं.: ६०२१२३६५ | L.T. No.:297409 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | COFFEE MAKER/BARISTA | 1 | 0 | सम्बन्धित काममा दक्ष | 170 | ७४,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | RESTAURANT / CAFE WAITER / WAITRESS | 0 | 3 | | 150 | ६५,५९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २६ गते (10 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**इम्प्लोयमेन्ट लिंक नेपाल प्रा.लि.**
श्रम इजाजत नं. २९९/०५८/५९
१७१ चेतनशिल मार्ग, कपुरधारा-२६, काठमाडौं, फोन नं. ०१-४३७२६९८, ४३७१३६५
E-mail: employmentlinknepal.document@gmail.com / Website : employmentlinknepal.com

## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनीः JARS TECHNICAL WORKS LLC | शहरः UAE

पूर्व स्वीकृत मितिः २०८१/०१/१८ | चलानी नं.: ६०२१८८५६ | L.T. No.:304083 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३६६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 10 | 0 | | 900 | ३२७५१ | | | | | | | |
| 3. | Mason | 15 | 0 | | 1250 | ४५४८७ | | | | | | | |
| 4. | Steel Fixer | 15 | 0 | | 1200 | ४३६६८ | | | | | | | |

कम्पनीः MAYOON TECHNICAL SERVICES LLC | शहरः UAE

पूर्व स्वीकृत मितिः २०८१/०१/२१ | चलानी नं.: ६०२१८९७१ | L.T. No.: 304220 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३६६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 10 | 0 | | 900 | ३२७५१ | | | | | | | |
| 3. | MASON | 14 | 0 | | 1250 | ४५४८७ | | | | | | | |
| 4. | STEEL FIXER | 11 | 0 | | 1200 | ४३६६८ | | | | | | | |

कम्पनीः GOOD FIELD TECHNICAL WORKS LLC | शहरः UAE

पूर्व स्वीकृत मितिः २०८१/०१/१८ | चलानी नं.: ६०२१८८५७ | L.T. No.:304084 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३६६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 9 | 0 | | 1200 | ४३६६८ | | | | | | | |
| 3. | Mason | 7 | 0 | | 1250 | ४५४८७ | | | | | | | |
| 4. | Steel Fixer | 13 | 0 | | 1200 | ४३६६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २६ गते (10 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि: शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Frontline Recruitment
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
**Frontline Recruitment Pvt. Ltd.**
Sinamangal -9, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-014593645/ 4593646/ 4593647
MOBILE:9851100134,9818819581,9804705263.
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

## कुवेतमा रोजगारको अवसरको |

कम्पनी : DAKHEEL AL JASSAR ELECTRICAL INDUSTRIES COMPANY
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०९/०१ | चलानी नं.: ६०१९३४५२ | L.T. No.277880 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welders | 4 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६१२१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Fabricators | 2 | 0 | | 160 | ६९९६३ | | | | | | | |
| 3. | Technicians (Qc/maintenance) | 1 | 0 | | 280 | १२२४३५ | | | | | | | |
| 4. | Labors | 1 | 0 | | 90 | ३९३५४ | | | | | | | |
| 5. | Technicians (Electro Plating /controlpanel Wiring/ | 8 | 0 | | 160 | ६९९६३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २६ गते (10 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Index
श्रम इजाजत नं. १५४३/०७८/०७९
**Index Recruitment Pvt. Ltd.**
Chabahil-7, Kathmandu, Nepal, Tel: 01 5911443
E-mail: info@indexruitment.com.np / Website : www.indexrecruitment.com.np

## Kuwait मा रोजगार

Best Driver For The Delivery Of Consumer Orders.

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/०८/०६ | चलानी नं. ६०१९१७९९ | LT.No.: 276217
पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/११/२५ | चलानी नं. ६०१९७८३८ | LT.No.: 282318

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Bike Driver | 11 | काममा दक्ष | 135 | ५९,१७३।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. १०,०००/- |

अन्तरवार्ता २०८१ साउन २६ गते (10 Aug., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ ।

**Euro Asia H.R. Solutions Pvt. Ltd.**
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521,
Mob: 9851048235, 9851042984, 9851159503
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

## कतारमा रोजगारको अवसर

कम्पनीः SIXCO GROUP
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०८१/०४/१८ | चलानी नं.: ६०२२३०१५ | LT. No.: 308355

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER (MALE) | 12 | 0 | स. काममा दक्ष | 1000 | ३६,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

